नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः-
च.नं.

अभौतिक सम्पदा (नियमित जर्नल) का लागि लेखरचना आह्वान गरिएको सूचना

(सूचना प्रकाशन मितिः २०८२/११/२७)

यस मन्त्रालयको संस्कृति प्रवर्धन कार्यक्रम अन्तर्गत चालु आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार अभौतिक सम्पदा (ICH JOURNAL) प्रकाशन गर्ने कार्यक्रम रहेको छ। नेपालको अभौतिक सांस्कृतिक सम्पदासँग सम्बन्धित देहायका विषय क्षेत्र र आधारमा अनुसन्धानमूलक लेखरचनाहरु यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र इमेल ठेगाना shvrmspkt7@gmail.com वा rkmaharjan22@yahoo.com वा Soft Copy यस मन्त्रालयको संस्कृति महाशाखामा उपलब्ध गराइ दिनुहुन यो सूचना प्रकाशन गरिएको छ। थप जानकारी मन्त्रालयको सम्पर्क नं. ०१-४२११९०९ बाट प्राप्त गर्न सकिनेछ।

लेखरचना छनौटका विषय विधा/क्षेत्रः

१) मौखिक परम्परा तथा अभिव्यक्ति २) अभिनय तथा मञ्चनकला ३) सामाजिक व्यवहार, अनुष्ठान र जात्राहरू ४) प्रकृति एवं ब्रह्माण्ड सम्बन्धी ज्ञान ५) परम्परागत कला कौशल, उत्पादन गर्ने सीप र प्रविधि ६) परम्परागत खेल ७) खाद्य परिकार र तिनका सीप ८) पहिरनलगायत आभूषण सम्बन्धी ज्ञान ९) सम्पदा अभ्यास, कार्यान्वयन तथा अभ्यास गर्ने स्थल १०) स्मरणमा रहेका तर अभ्यासमा नरहेका अभौतिक सांस्कृतिक सम्पदा ।

लेखरचना छनौटका आधारः

- नेपालभित्र रहेका कुनै पनि जातजाति वा समुदायसँग सम्बन्धित उल्लिखित विषय विधा/क्षेत्रहरू मध्ये कुनै एक विधामा केन्द्रित भई अनुसन्धानमूलक लेख हुनुपर्नेछ।
- लेख रचना अन्य कुनै माध्यमबाट यस अघि प्रकाशित नभएको हुनु पर्नेछ।
- खोज, अनुसन्धानमूलक र विश्लेषणात्मक लेख रचनालाई प्राथमिकता दिइनेछ।
- लेख रचना नेपाली वा अङ्ग्रेजी भाषामा लेख्न सकिनेछ। भाषा/शैली शुद्ध र उत्कृष्ट हुनु पर्नेछ।
- नेपाली लेख प्रीति भए फन्ट १६ मा ३०००- ४००० शब्दसम्ममा हुनु पर्नेछ। अङ्ग्रेजीमा भए Times New Roman को फन्ट १२ मा ३०००-४००० शब्दसम्ममा हुनु पर्नेछ।
- छनौट भएका लेखरचनाको पारिश्रमिक नियमानुसार उपलब्ध गराइनेछ।
- लेख रचनाहरू उपलब्ध गराउँदा लेखसँग सम्बन्धित तस्विरहरूसमेत संलग्न हुनु पर्नेछ।
- प्राप्त लेखरचनाहरू छनौट गर्ने अधिकार लेखरचना छनौट समितिमा निहित रहनेछ। प्रकाशनका लागि प्रेषित लेखरचना २०८३ असारसम्म अन्यत्र पठाउन पाइने छैन। अप्रकाशित लेख रचना फिर्ता हुने छैन।
- प्रकाशित लेखरचनाको प्रतिलिपि अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ। लेखरचनाको विषय तथा उल्लिखित विषयवस्तु लेखकको निजी विचार हुने भएकाले तिनले संस्थागत प्रतिनिधित्व गर्ने छैन।
- लेखरचनाका साथमा लेखकको परिचयसहित एक प्रति पासपोर्ट साइजको फोटो, सम्पर्क नं., बैङ्क खाता नम्बर, स्थायी लेखा नम्बर (PAN) समेत उपलब्ध गराउनु पर्नेछ।
- लेख रचनाको उद्धरण (Citation) र सन्दर्भ सामग्री सूची APA FORMAT मा हुनु पर्नेछ।

२०८२/११/२७